# ३. श्री नयनबहादुर खत्री

*[संवत् २०३२ सालको 'मदन पुरस्कार' 'आगत' भन्ने ग्रन्थका लागि त्यसका रचयिता श्री भवानी भिक्षुलाई समर्पण गर्न संवत् २०३३ साल कार्तिक ४ गते रोज ४ का दिन आयोजित समारोहमा तत्कालीन प्रधान न्यायाधीश श्री नयनबहादुर खत्रीले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क ६८ बाट उद्धृत गरिएको हो। स्मरणीय छ, संवत् २०३१ सालको 'मदन पुरस्कार' कसैलाई पनि प्रदान गरिएको थिएन।]*

सम्माननीया रानीसाहेब, उपस्थित सज्जन तथा महिलावृन्द !

संवत् २०३२ सालको साहित्यतर्फको 'मदन पुरस्कार' नेपाली भाषाका मूर्धन्यकवि श्री भवानी भिक्षुलाई प्रदान गरिएको सुसमाचार करिब दुई महिनाअघि सुन्न पाउँदा सबै नेपाली भाषाप्रेमीलाई जस्तै मलाई पनि अत्यन्त आनन्द लागेको थियो। आज सो पुरस्कार हस्तान्तरण गरिने समारोहमा उपस्थित भई भाषा, पुरस्कार र कविज्यूका बारेमा दुई शब्द बोल्न पाउँदा गौरवान्वित भएको छु।

हाम्रो यो नेपाली भाषाले गहकिलो साहित्य सिर्जना गर्ने काम गोरखाका शाह नृपतिहरूद्वारा संरक्षण र सम्बर्धन पाएपछि मात्र हुन सकेको हो भन्ने कुरा इतिहासले मानेको छ। सोही शाह वंशका उज्ज्वल नक्षत्र श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारका छत्रछायामा यस भाषाले कति उन्नति गरेको छ भन्ने कुरा पनि मौसुफबाट स्थापना गराइबक्सेको एक लाख रुपियाँको पृथ्वीप्रज्ञा पुरस्कारको गरिमाबाट पनि बुझ्न सकिन्छ। सरकारबाट यस्तो प्रोत्साहन बक्सेको बेलामा साहित्यसेवी तथा बुद्धिजीवीहरूले पनि त्यो अमूल्य प्रोत्साहनको योग्य बन्न कोसिस गर्नुपर्छ।

श्रद्धेया रानी जगदम्बाबाट आफ्ना स्वर्गीय पति ले.ज. मदनशमशेर ज.ब.रा. को स्मृति चिरस्थायी राख्न स्थापना गरिएको 'मदन पुरस्कार' पनि पति-भक्तिको एउटा आदर्श कार्य त भएको छ नै त्यसभन्दा पनि बढी यो देश-भक्तिको एक अनुपम नमुना बन्न गएको छ भन्ने मेरो धारणा छ। (पतिवियोगको) दु:खको आँसु भित्रभित्रै पिई कर्तव्यमा अगाडि बढ्ने यस्तो आदर्श अनुकरणीय छ।

कवि भवानी भिक्षुले आफ्नो जीवनको बहुमूल्य समय राष्ट्रभाषाका लागि समर्पण गर्नुभएको छ। १९९० सालदेखि उहाँले राष्ट्रभाषाको लागि जेजति गर्नु भयो त्यो

इतिहास भइसकेको छ । उहाँले गरेको सेवाको कदर उहाँले राष्ट्रिय स्तरमा प्राप्त गर्नुभएको मर्यादाबाट यथासम्भव भएकै हो तापनि उहाँको २० वर्षको परिश्रमको फल 'आगत' उपन्यासमा उहाँलाई 'मदन पुरस्कार' प्रदान गरिँदा 'योग्यं-योग्याय' भएको छ भन्ने मलाई लाग्दछ । भिक्षुज्यूको अरू उत्तरोत्तर प्रगतिको म शुभकामना गर्दछु ।

अन्त्यमा कवि भिक्षुमा बधाई ज्ञापन गर्दै सम्माननीया रानीसाहेब तथा सम्वन्धित सवैलाई धन्यवाद चढाउँछु ।

☒ ☒ ☒